# व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायका लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७७

मिति २०७७/१०/२८ कार्यपालिकाको बैठकबाट स्वीकृत

भूमिकास्थान नगरपालिका
नुवाकोट, अर्घाखाँची

## व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायका लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७७

**मिति २०७७/१०/२८ कार्यपालिकाको बैठकबाट स्वीकृत**

प्रस्तावना: भूमिकास्थान नगरपालिकाका व्यवसायिक कृषकहरुलाई व्याज अनुदान कार्यक्रमबाट रोजगारीको श्रृजना गर्ने, कृषकहरुलाई व्यवसायिक बनाई आय आर्जनमा वृध्दि गर्नुका साथै उनीहरुको जीवनस्तरमा सुधार गर्ने उद्देश्यले भूमिकास्थान नगरपालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम"**व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायका लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७७**"बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**; (१) यस कार्यविधिको नाम"**व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायका लागि ब्याजकर्जा कार्यक्रम कार्यविधि, २०७७**"रहेकोछ।

(२) यो कार्यविधि नगरकार्यपालिकाको बैठकबाट पारित भइ राजपत्रमा प्रकाशित भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) **"कार्यक्रम"** भन्नालेभूमिकास्थान नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसारव्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायका लागि व्याज अनुदान कार्यक्रम सम्झनुपर्छ।

ख) **"कम्पनी"** भन्नाले कम्पनी एन २०६३ बमोजिम स्थापित कम्पनी सम्झनुपर्छ।

ग) **"कार्यालय"** भन्नाले भुमेकास्थान नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

घ) **"वेरोजगार व्यक्ति वा समूह"**भन्नाले भूमिकास्थान नगरपालिका भित्र बसोवास गर्ने आय आर्जनका कुनै पनि पेशा, व्यवसाय तथा काममा नियमित रुपमा संलग्न नभएका व्यक्तिलाई सम्झनुपर्छ।

ङ) **"कृषक"** भन्नाले यस कार्यविधि बमोजिम व्याज अनुदानका लागि योग्य व्यवसायिक कृषकलाई सम्झनुपर्छ।

च) **"व्यवसाय वा उद्यम"**भन्नाले यस कार्यविधिको अनुसूची-२ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पुँजी लगानी गरिएको कार्यलाई सम्झनु पर्छ।

छ) **"निवेदक वा ऋणी"** भन्नाले अनुसूची-२ मा उल्लेखित व्यवसाय संचालन गरिरहेका वा गर्ने व्यक्ति, समूह, संस्था वा कम्पनी सम्झनुपर्छ।

ज) **"व्याज अनुदान"** भन्नाले यस कार्यक्रम मार्फत व्यवसायिक कृषकलाई प्रदान गरिने व्याज अनुदान सम्झनुपर्छ।

झ) **"व्यवसायि कृषि तथा पशुपन्छी कर्जा"** भन्नाले व्यवसायिक रुपमा गरिएको कृषि तथा पशुजन्य व्यवसाय र सो सम्बन्धी उद्योग व्यवसायका लागि प्रवाह भएको वा हुने कर्जा सम्झनुपर्छ।

ञ) **"बैंक"**भन्नाले यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रम कार्यन्वयनका लागि नगरपालिकासंग सहकार्य गर्ने नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्था सम्झनुपर्छ।

ट) **"बैंक तथा वित्तिय संस्था"** भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क, ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्था सम्झनुपर्छ।

ठ) **"समूह"**भन्नाले फरक परिवारका कम्तीमा तीन देखि पाँच जना सम्मको सदस्य संख्या रहेको १८ बर्ष उमेर पुरा भइ ६० बर्ष सम्म उमेरभएका व्यक्तिहरु मिलेर गठन भएको समूह सम्झनुपर्छ।

ड) **"संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम स्थापित फर्म, कृषक समूह, सहकारी संस्था, घरेलु उद्योग वा लघु उद्यमका रुपमा दर्ता भएको व्यवसाय सम्झनुपर्छ।

ढ) **"भण्डारण"** भन्नाले कुनै पनि कृषि उपज (तरकारी, फलफूल, जडिबुटी, दुग्ध पदार्थ तथा माछामासु आदि) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनुपर्छ।

ण) **"सहुलियतपूर्ण कर्जा"** भन्नाले अनुसूची-२ मा उल्लेखित व्यवसायमा बैंकबाट प्रवाह भऐको वा हुने कर्जाको व्याजमा अनुदान सुविधा उपलब्ध गराउने कर्जा सम्झनुपर्छ ।

त) **"जमानी"** भन्नाले ऋणीले आफ्नो दायित्व पुरा नगरेमा म/हामी पुरा गर्छौ भनी जिम्मा लिने व्यक्तिलाई सम्झनुपर्छ ।

थ) **"कार्यक्रम कार्यान्वयन समिति"** भन्नाले यस कार्यविधि अनुसारको कार्यक्रम कार्यन्वयन गर्न गठित समितिलाई सम्झनुपर्छ ।

द) **"नगरपालिका"**भन्नाले भुमेकास्थान नगरपालिकालाई संझनुपर्छ ।

**३.** उद्देश्य: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ:-

(क) लक्षित उद्यमी, समूह एवम् व्यवसायीहरुलाईव्यवसाय संचालनका लागि सहुलियत रुपमा ब्याज अनुदान उपलब्ध गराई आय आर्जनमा टेवा पु-याउने ।

(ख) कृषि तथा पशुजन्य व्यवसायमा आधारित घरेलु तथा कुटिर उद्योग संचालन गर्न प्रोत्साहन गरी उत्पादन र उत्पादकत्वमा वृध्दि गर्ने ।

## परिच्छेद-२
## कोषको व्यवस्था

**४, कार्यक्रम संचालनका लागि कोषको व्यवस्था:** (१) यस कार्यविधि अनुसारको कार्यक्रम कार्यान्वयनगर्न देहाय बमोजिको कोषको व्यवस्था गरिनेछ ।

(क) संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान ।

(ख) विभिन्न वित्तीय संघ संस्थाबाट प्राप्त अनुदान तथा ऋण रकम ।

(ग) कार्यक्रमलाई सहयोग पु-याउन विभिन्न सहकारीहरुबाट प्राप्त ऋण एवम् अनुदान रकम ।

(घ) नगर सभाबाट कोषका लागि विनियोजित रकम ।

(ङ) नगरपालिकामा रहेको घुम्ति कोष (गाउ नगर साझेदारी कार्यक्रम) ।

(च) कोष परिचालनबाट प्राप्त आम्दानी ।

(छ) अन्य श्रोतबाट प्राप्त रकम ।

परिच्छेद ३

उद्यमी तथा व्यवसायी छनौट सम्बन्धी व्यवस्था

५. उद्यमी तथा व्यवसायी छनौट:- (१) अनुसूची २ बमोजिमका क्षेत्रहरुमा व्यवसाय गर्न चाहने उद्यमी तथा व्यवसायीहरुका लागि ऋण प्रवाह गर्न देहाय बमोजिमका प्रकृया अबलम्बन गरिनेछ ।

(क) प्रस्तावका लागि नगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(ख) उद्यमी तथा व्यवसायीहरुले अनुसूची १ बमोजिमको ढाँचामा तोकिएको समय भित्र निवेदन पेश गर्नु पर्नेछ ।

(ग) अनुसूची ३ बमिजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(घ) धितो राख्न सक्ने सुनिश्चितता वा प्रतिवध्दता ।

(ङ) धितो राख्न नसक्ने ऋणीको हकमा जिम्मा जमानी लिने व्यक्तिले अनुसूची ४ बमिजिमको लिखत कागज ।

(च) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(२) तोकिएका म्याद भित्र प्राप्त भएका प्रस्तावहरुको योग्यता सम्बन्धी देहाय बमोजिमको आधारमा मूल्याङ्क गरी ऋण प्रवाहका लागि सम्बन्धित बैंकमा सिफारिस गरिनेछ ।

(क) स्थानिय स्रोत र साधनको प्रयोग - १५ अंक

(ख) बजार व्यवस्थापन एवम् पहूँच - १० अंक

(ग) रोजगारी सिर्जना - १० अंक

(घ) लक्षित वर्गलाई प्रत्यक्ष लाभ - ५ अंक

(ङ) जोखिम कम हुने उद्यम - ५ अंक

(च) पूर्व अनुभव र सीप भएको - ५ अंक

जम्मा ५० अंक

(३) छनौटमा परेका उद्यमी तथा व्यवसायीहरुलाई कर्जाका लागि सूचना दिने र छनौटमा नपरेका उद्यमी तथा व्यवसायीहरुलाई छनौट नभएको जानकारी तत्काल दिनु पर्नेछ।

(४) योग्य प्रस्तावलाई कार्यक्रम कार्यान्वयन समितिले नगरपालिकाबाटऋण प्रवाहका लागि सम्बन्धित बैंकमा सिफारिस गर्नेछ।

## परिच्छेद-४
## ऋण लगानी सीमा

६. ऋण लगानीको सीमा निर्धारण: कार्यक्रम कार्यन्वयनका लागि ऋण लगानी गर्दा देहाय बमोजिमको सीमा निर्धारण गरिनेछ :-

(क) एकल व्यवसायीका लागि रु. ५०००००। (पाँच लाख) सम्म।

(ख) समूहमा उद्यम तथा व्यवसाय गर्नेहरुका लागि रु. २००००००। (बीस लाख) सम्म।

(ग) ऋण असुली अवधी साधारणतया एक बर्ष देखि तीन बर्ष सम्मको हुनेछ। तर

(घ) ऋणको प्रकृती अनुसार असुलीको समय सीमा बढाउने वा कम गर्ने जिम्मा कार्यक्रम कार्यान्वयन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ङ) एकपटक ऋण लिइसकेको ऋणीले उक्त ऋण असुल उपर नहुदै पुन: ऋण प्राप्तीका लागि योग्य हुने छैन।

(च) स्वीकृत प्रस्ताव भन्दा भिन्न प्रकृतीको व्यवसायमा प्राप्त ऋण कार्यान्वयन गर्न पाइने छैन।

(छ) कुनै पनि वित्तीय संस्था मार्फत संचालन हुने उद्यम तथा व्यवसायको हकमा गरिने लगानीको ब्याज दर, ऋण लगानीको क्षेत्रहरु, ब्याज फिर्ता, ब्याज मिनाहा, जमानी वा धितो र बीमा लगायतका बिषयको प्रष्टताका लागि नगरपालिका र वित्तीय संस्था बीच कार्यक्रम संचालन हुनु पूर्व नै संझौता हुनेछ।

## परिच्छेद ५
## योग्यता तथ शर्त सम्बन्धी व्यवस्था

७. कर्जाका लागि योग्यता तथा शर्त सम्बन्धी व्यवस्था: यस कार्यविधिको अनुसूची २ बमोजिम ऋण लिन चाहने व्यवसायीले देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) स्थायी लेखा नं. (PAN) प्रमाण पत्र लिएको।

(ख) कर्जा सूचना केन्द्रमा कालो सूबीमा नरहेको।

(ग) भूमिकास्थान भित्र स्थायी बसोवास भएको।

(घ)संस्था वा कम्पनीको हकमा नेपाली नागरिकको शतप्रतिशत शेयर स्वामित्व रहेको।

(ङ) आवश्यकता अनुसार मूल्य अभिवृध्दि करमा दर्ता भएको हुनु पर्ने ।

(च) कर्जा सूचना केन्द्रबाट साख सूचना अनिवार्य लिइ उक्त साख सूचना बैंक ग्राह्य हुनु पर्नेछ ।

(छ)उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी कर्जाको लागि ऋणीले विस्तृत परियोजना प्रस्ताव पेश गर्नु पर्नेछ ।

(ज) नगरपालिकाको कर्जा प्रवाहको सिफारिस पत्र ।

(झ) १८ बर्ष पुरा भई ६० बर्ष ननाघेको ।

(ञ)अन्य कागजातको हकमा बैंकले तोके अनुसार हुनेछ ।

## परिच्छेद-६

## धितो, कर्जा, सुरक्षण तथा व्यवसायको बीमा सम्बन्धी व्यवस्था

८ कर्जा सुरक्षण तथा धितो सम्बन्धी व्यवस्था: (१)बैंकले नियमानुसार धितो वा धितो जमानी लिइ व्यवसायिक कृषि तथा पशुपन्छी व्यवसाय कर्जा प्रवाह गर्न सक्नेछ ।

९. व्यवसायको बीमा सम्बन्धी व्यवस्था: (१) बैंकले व्यवसायिक कृषी तथा पशुपन्छी कर्जा प्रवाह गर्दा परियोजनाको बीमा गर्नु पर्नेछ । नेपाल सरकरले उपलब्ध गराउने बाहेकको विमा शुल्क सम्बन्धित ऋणीले व्यहोर्नुपर्नेछ ।

(२) व्यवसायिक कृषि तथा पशुपन्छी बीमा सम्बन्धमा ब्यवसायीले प्रचलित कानुन, नेपाल राष्ट्र बैंक र बीमा समितिको नियमन र निर्देशनको परिधि भित्र रही स्पष्ट नीति र प्रकृया बनाइ लागु गर्न सक्नेछ ।

१०. कारवाहीका लागि सिफारिस गर्न सक्ने: (१) ऋणीले दफा ६को (ग) बमोजिमको अवधि भित्र कर्जा चुक्ता नगरेमा बैंकले यस कार्यविधिको परिच्छेद १० मा उल्लेख भए बमोजिमको कारवाहीका लागि भूमिकास्थान नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) कर्जा प्रवाह गर्ने बैंकले त्यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा नगरपालिकाले त्यस्ता ऋणीको सुविधा रोक्का राख्नेछ

## परिच्छेद ७

## कर्जा प्रवाह तथा ब्याज अनुदानका लागि सम्बन्धित निकायको काम, कर्तव्य र अधिकार

११.बैंकको काम कर्तव्य र अधिकार:- यस कार्यविधि कार्यन्वयनका लागि सम्बन्धित बैंकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) कर्जाका लागि प्राप्त आवेदनहरु छानविन गरी तोकिएको उद्देश्य, माग रकम,जोखिम स्तर सुरक्षण बीमा लगायत परियोजनाको सम्भाव्यता तथा कर्जाको सदुपयोग हुने देखिएमा कर्जाको काम कारवाही अगाडि बढाउने ।

(२) कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित निवेदकलाई लिखित जानकारी दिने ।

(३) व्यवसायीलाई कर्जा प्रवाह गर्न सकिने भएमा कर्जा स्वीकृत गरी जानकारी गराउने ।

(४) कर्जा प्रवाह गरिएको व्यवसायी ऋणीले कर्जाको सही सदुपयोग गरे नगरेको समय समयमा अनुगमन गर्ने र सोको प्रतिवेदन नगरपालिकामा समेत पठाउने ।

(५) नगरपालिकासँग संझौता गर्ने ।

(६) नगरपालिकासँग आवश्यक समन्वय गरी संयुक्त अनुगमन गर्ने र आइ परेका समस्याहरुको संयुक्त रुपमा समाधान गर्ने ।

१२. नगरपालिकाको काम, कर्तव्य र अधिकार: यो कार्यविधि कार्यान्वयन गर्नका लागि नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमिजिम हुनेछ :-

(क) अवसर नपाएका उद्यमी तथा व्यवसायीहरुको पहिचान गर्ने, व्यवसायका लागि अभिप्रेरित गर्ने र ऋण अनुदानमा व्यवसाय संचालन गर्न चाहने व्यवसायीहरुलाई सहजीकरण गर्ने ।

(ख) उद्यमी तथा व्यवसायीको छनौट गरी सम्बन्धित बैंकमा सिफारिस गर्ने ।

(ग) बैकसँग कर्जा प्रवाहका लागि आवश्यक समन्वय गर्ने ।

(घ) नगरपालिकाले सम्बन्धित बैंकसँग अनुसूची ५ बमोजिम सम्झौता गर्ने ।

(ङ) कार्यक्रमको प्रभावकारीरुपमा कार्यान्वयन गर्न बैंक र नगरपालिकाले समय समयमा अनुगमन गर्ने ।

## परिच्छेद ८
## कार्यक्रम कार्यान्वयन समिति

१३. कार्यक्रम कार्यान्वयन समितिको गठन: (१) यस कार्यविधिको कार्यन्वयन गर्नका लागि नगरपालिका स्तरमा देहाय बमिजिमको एक कार्यक्रम कार्यान्वयन समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक |
| (ख) | नगर उप प्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | संयोजक आर्थिक विकास समिति | सदस्य |
| (ङ) | सम्बन्धित बैंकको प्रमुख | सदस्य |
| (च) | नगरपालिका क्षेत्रभित्र रहेका सहकारीहरु मध्ये समितिले मनोनयन गरेको सहकारीका अध्यक्ष वा प्रतिनिधी एकजना | सदस्य |
| (छ) | सम्बन्धित शाखाको प्रमुख | सदस्य सचिव |

(२) समितिले आवश्यक ठानेमा बिषयको आधारमा बढीमा दुईजना बिषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालय नगरपालिकामा रहनेछ । सचिवालयले समितिले तोके बमोजिमका कार्यहरु गर्नेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

१४. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार: (१) कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) व्यवसायीहरुको पहिचान र कर्जा प्रवाहका लागि सिफारिस गर्ने ।

(ख) व्यवसायी छनौटका लागि तोकिए बमोजिम मूल्याङ्कन गरी बैंकलाई सिफारिस गर्ने ।

(ग) व्यवसायीहरुलाई व्यवसाय संचालन सम्बन्धी बिभिन्न किसिमका तालिमहरु प्रदान गर्ने ।

(घ) व्यवसायीहरुले कर्जाको सही सदुपयोग गरे नगरेको अनुगमन गर्ने ।

(ङ) ऋणिले ऋणको सदुपयोग नगरेमा तथा समयमानै ऋण नबुझाएमा त्यस्ता ऋणिहरुलाई कारवाहीका लागि नगरपालिकामा सिफारिस गर्ने ।

(च) कोषमा प्रयाप्त रकम भए नभएको सुनिश्चित गर्नुका साथै कोषबाट सम्पादित हुने कार्यक्रमहरुको सम्बन्धमा कार्यपालिकामा चौमासिक रुपमा प्रतिवेदन पेश गर्ने ।

(छ) कोष वृध्दिका लागि सम्बन्धित निकायमा आवश्यक समन्वय गर्ने ।

(ज) कार्यविधिको कार्यान्वयन गर्न सम्बन्धित निकायमा आवश्यक समन्वय गर्ने ।

(झ) कर्जा प्रवाह गर्ने बैंकसँग समन्वय गर्ने ।

(ञ) सम्बन्धित सेवाग्राहीको गुनासो सुन्ने र समाधानका लागि सहजीकरण गर्ने ।

(ट) कार्यविधिमा भएका व्यवस्थाहरुमा संशोधन गर्नु परेमा संशोधन गर्नु पर्ने वुँदाहरु आवश्यकता सहित नगरपालिकामा सिफारिस गर्ने ।

(ठ) नगर कार्यपालिकाबाट प्राप्त निर्देशनहरु कार्यन्वयन गर्ने गराउने ।

(ड) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) बैठकमा उपस्थित हुने पदाधिकारीहरुलाई नगरपालिकाले नियमानुसार बैठक भत्ता उपलब्ध गराउनेछ ।

## परिच्छेद ९
## कोषको लेखा परीक्षण

१५. कोषको लेखा परीक्षण सम्बन्धी व्यवस्था: कोषको लेखा परीक्षण देहाय बमोजिम हुनेछ ।

(क) कोषको लेखा परीक्षण प्रचलित नियमानुसार हुनेछ ।

(ख) कोषमा प्राप्त आय व्याय रकम सम्बन्धी समग्र प्रतिवेदन नगर सभामा पेश गर्नु पर्नेछ ।

(ग) प्रतिवेदनमा औल्याइएका बिषयको परिपालन गर्ने, सच्चाउने लगायतका कामकारवाहीको पालना गर्ने जिम्मेवारी नगर कार्यपालिका र कार्यक्रम कार्यन्वयन समितिको हुनेछ ।

## परिच्छेद १०
## ऋण असुली

१६. ऋण असुली सम्बन्धी ब्यवस्था; ऋण असुली सम्बन्धी प्रकृया देहाय बमोजिम हुनेछ ।

(क) ऋण प्रवाहका लागि छनौट भएका व्यवसायी तथा उद्यमीहरुलाई एक देखि तीन बर्षसम्मको तालिका अनुसारको समयावधि हुनेछ ।

(ख) वित्तीय तथा बैंकबाट लिइएको ऋण ऋणीले सम्बन्धित संस्थासँग गरेको सम्झौता बमोजिम हुनेछ ।

(ग) सम्बन्धित ऋणिलाई किस्ता बुझाउने, ब्याज बुझाउने सम्बन्धी जानकारी बैंक तथा वित्तीय संस्थाले दिनु पर्नेछ ।

## परिच्छेद ११
## कारवाही सम्बन्धी व्यवस्था

१७. कर्जा चुक्ता नगरेमा हुने कारवाही: (१) ऋणीले दफा ६ बमोजिम कर्जा चुक्ता नगरेमा सम्बन्धित बैंकले देहाय बमोजिमको कारवाहीका लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ;-

(क) ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा राख्न ।

(ख) ऋणीलाई प्रदान गरिने बिभिन्न किसिमका सामाजिक सुरक्षाका कार्यक्रमहरुको सेवा रोक्का गर्न ।

(ग) ऋणीको राहदानी रोक्का राख्न ।

(घ) ऋणी तथा नीजको एकाघरका परिवारका सदस्यहरुको नाममा रहेको कुनै पनि चल अचल सम्त्ति बिक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

(ङ) ऋणीको बैक तथा वित्तीय संस्थाहरुमा रहेको खाता रोक्का गर्न ।

(२) कर्जा प्रवाह गर्ने बैंकले ऋणीले प्राप्त गर्ने बिभिन्न सुविधाहरु रोक्का गर्न सम्बन्धित निकायमा त्यस्ता ऋणीको सबैं विवरण खुलाइ सुविधा रोक्काका लागि अनुरोध गर्नु पर्नेछ ।

## परिच्छेद १२
## विविध

१८. कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी अन्य व्यवस्था: (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कर्जाहरुको वर्गीकरण नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेख गरिएका बिषय बाहेक अन्य बिषयमा प्रचलित कानुन, नेपाल राष्ट्र बैंक, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण कोषको नियमन र निर्देशिका साथै भूमिकास्थान नगरपालिकाको नीति तथा कानुनको परिधि भित्र रही यस्तो

कर्जाको लगानी, अनुगमन, सुरक्षण, बीमा तथा असुली सम्बन्धमा सम्बन्धित  बैंक तथा वित्तीय संस्था एवम् बीमकले स्पष्ट नीति र प्रक्रिया बनाइ लागु गर्न सक्नेछ ।

१९. कर्जा लगानी सहजीकरण गरेवापत संचालन खर्च सम्बन्धी व्यवस्था: यस कार्यविधि बमोजिम बैंकले कर्जा लगानी सहजीकरण गरेवापत संचालन खर्च स्वरुप यस कार्यविधि अनुसार प्रवाह भएको कुल कर्जाको अधिकतम १ (एक) प्रतिशतका दरले भन्दा बढी हुने छैन ।

२०. सहयोग गर्नु पर्ने: यस कार्यविधि बमोजिम संचालित कार्यक्रमहरुमा सहयोग गर्नु सम्बन्धित सबैको कर्तब्य हुनेछ ।

२१. गुनासो सम्बन्धी व्यवस्था: यस कार्यविधि कार्यन्वयनका सन्दर्भमा बैंक लगायत अन्य निकायहरुले कर्जा प्रवाह नगरेको, ऋणीले सेवा सुविधा नपाएको तथा ऋणको सदुपयोग नभएको लगायतका यससँग सम्बन्धित गुनासो सुन्ने तथा सोको आधारमा काम कारवाही अगाडी बढाउने कार्य कार्यक्रम कार्यान्वयन समितिले गर्नेछ ।

२२. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२३. फाराम तथा ढाँचा सम्बन्धी व्यवस्था: यस कार्यविधि बमोजिम व्याज अनुदान प्रदान गर्दा प्रयोग हुने अन्य सरलीकृत फाराम तथा ढाँचा अन्यथा नहुने गरी बैंकले तोके अनुसारको हुनेछ तर त्यस्ता ढाँचा तथा फारामहरुको एक प्रति नमूना नगरपालिकामा पेश गर्नु पर्नेछ

२४. संशोधन तथा हेरफेर: भूमिकास्थान नगर कार्यपालिकाको बैठकले आवश्यक ठानेमा यस कार्यविधिमा भएका व्यवस्थाहरुको संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२७. बाधा अड्काउ फुकाउ: यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछ साथै यस कार्यविधिको कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा बिवाद उत्पन्न भएमा कुनै बिषयलाई थप स्पष्ट वा प्रभावकारी बनाउनु पर्ने भएमा बैंकको राय सुझाव लिइ अन्तिम निर्णय गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

अनुसूची १

(दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

निवेदनको ढाँचा

मिति:-२०७। ।

श्री संयोजकज्यू,

कार्यक्रम कार्यान्वयन समिति

भूमिकास्थान नगरपालिका, नुवाकोट, अर्घाखाँची।

बिषय:- व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसाय गर्न ऋण अनुदानका लागि प्रस्ताव पेश सम्बन्धमा।

महोदय,

प्रस्तुत बिषयमा म/हामीले भूमिकास्थान नगरपालिका वडा नं. स्थित टोलमा ..................................................संस्थाको उद्यम तथा व्यवसाय संचालन गरी स्वरोजगार बन्नका लागि भूमिकास्थान नगरपालिकाको ब्याज अनुदा कार्यविधि २०७७ का शर्तहरु पालना गर्न मन्जुर भइ तपसिलको विवरण सहित कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं।

निवेदक

नाम थर:-

स्थायी ठेगाना:-

दस्तखत:-

**संलग्न कागजातहरु**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
ख) सम्बन्धित वडा कार्यालयको सिफारिस प्रत्र
ग) प्रस्ताव पत्र
घ) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
ङ) PAN प्रमाण पत्रको प्रतिलिपि

## अनुसूची २

(दफा २ सँग सम्बन्धित)

व्यवसायीले व्याज अनुदान प्राप्त गर्नसक्ने व्यवसायहरु

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्रि वितरण
२. विउ, विजन, विरुवा उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्रि वितरण
३. पुष्प व्यवसाय
४. पशुपन्छी पालन
५. टर्की र हाँस पालन, सोको मासु एवं अण्डाको भण्डारण,प्रशोधन तथा बिक्रि वितरण
६. फलफूल उत्पादन, प्रशोधन, भण्डारण र बिक्रि वितरण
७. दुग्ध उत्पादन, प्रशोधन र बिक्रि वितरण
८. मत्स्य पालन, उत्पादन, भण्डारण तथा बिक्रि वितरण
९. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्रि वितरण
१०. पशु वधशाला, मासुजन्य उत्पादन सोको भण्डारण, प्रशोधन तथा बिक्रि वितरण
११. शित भण्डारण तथा बिक्रि वितरन
१२. अदुवा, बेसार, सूर्यमुखी, अल्लो, लोक्ता खेती उत्पादन, प्रशोधन, भण्डारण र बिक्रि वितरण
१३. मौरी पालन व्यवसाय, प्रशोधन, भण्डारण र बिक्रि वितरण
१४. जौं, फापर, सिलाम तता अन्य रैथाने वाली उत्पादन, प्रशोधन, भण्डारण र बिक् वितरण
१५. प्राङ्गरिकमल, जैविक मल र जैविक बिषादी
१६. पशुपंछीको दाना उद्योग, चल्ला उत्पादन गर्ने ह्याचरी
१७. रेसम खेती उत्पादन, प्रशोधन र बिक्रि वितरण
१८. संघीय सरकार, प्रदेश सरकारले समय समयमा थप गरेका अन्य कृषि तथा पशुजन्य व्यवसायहरु
१९. नेपाल राष्ट्र बैंकले तोकेका कृषि क्षेत्रका अन्य वाली तथा बस्तुहरु

# अनुसूची ३

(दफा ५ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

## उद्यम तथा व्यवसायको प्रस्ताब ढाँचा

१.उद्यम/व्यवसायको नाम:-

.........................गाउ पालिका, वडा नं.    टोल...........

२.पृष्टभूमि:-

३. उद्देश्य:-

४. उद्यम सम्बन्धी पूर्व अनुभवको विवरण:-

५. तालिम सम्बन्धी विवरण:-

६ उद्यम/व्यवसाय सम्बन्धी विवरण:-

(क) स्थापना मिति:-
(ख) उद्यम/वयवसायको प्रकृति:-
(ग) उत्पादन हुने वस्तुहरुको विवरण
(घ) प्रशोधन सम्बन्धी व्यवस्था
(ङ) भण्डारण सम्बन्धी व्यवस्था
(च) सेवा मुलक
(छ) व्यापारजन्य
(ज) वजारको पहूँच र क्षेत्र
(झ) कच्चा पदार्थ सम्बन्धी व्यवस्था
(ञ) श्रमिक सम्बन्धी व्यवस्था

७.लागत
(क) स्थिर पुँजी
(ख) चालु पुँजी
(ग) कुल पुँजी

८. पुँजीको श्रोत
(क) व्यक्तिगत लगानी रू.
(ख) ऋण सुविधा रु.

९. बार्षिक उत्पादन लागत

| क्र.स. | वस्तुको विवरण | इकाइ | अनुमानित मूल्य | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा | | | |

१०.बार्षिक आम्दानी

| क्र.स. | वस्तुको विवरण | इकाइ | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

१०.चल खर्चको विवरण

(क) कच्चा पदार्थ

| क्र. स. | वस्तुको विवरण | इकाइ | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | जम्मा | | | | |

(ख)ज्याला

| क्र.स. | ज्यालाको विवरण | इकाइ | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(क) बिद्युत खर्च रू

(ख) पानी रू

(ग) इन्धन रु

(घ) अन्य रू

(ङ) बार्षक चालु खर्च रू

१२.कूल मुनाफा (बार्षिक बिक्रि-बार्षिक चालु खर्च)

१३.स्थिर खर्च:-

(क) तलब रु

(ख) घरभाडा

(ग)ब्याज

(घ) ह्यसकट्टी

(ङ) विविध

जम्मा स्थिर खर्च

१४. खुद मुनाफा (कूल मुनाफा- जम्मा स्थिर खर्च)

१५. जम्मा बार्षिक उत्पादन खर्च:- कूल चालु खर्च + कूल स्थिर खर्च

**कार्यालय प्रयोजन**

(क) जम्मा बार्षिक उत्पादन खर्च/बिक्री:-.............%

(ख) मुनाफा/बिक्री...............%

(ग) पी.भी. अनुपात (कुल मुनाफा/बिक्री)............%

(घ) बेक्र इभन बिन्द मूल्यमा रु

(ङ) बेक्र इभन विन्दु प्रतिशतमा .......................%

(च) मूल्य अभिवृध्दि:- जम्मा बिक्री- जम्मा चालु खर्च रु

(छ) जम्मा बिक्री रु

अनुसूची ४

(दफा ५ को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)

जमानी बस्ने लिखतको नमूना

लिखितम म/हामी तपसिलका व्यक्तिहरु आगे ................................ को नाती/नातिनी ...................................को छोरा/छोरी.............................................को पत्नी/बुहारी.......................................जिल्ला...................गा.पा./न.पा.

...............................वडा नं...........टोल..........घर भै हाल .................................जिल्ला........................गा.पा./न.पा.

वडा नं...... बस्ने बर्ष............को श्री ................................ले भूमिकास्थान नगरपालिकाद्वारा संचालित सहुलियत दरमा ऋण अनुदानकार्यक्रमबाट ऋण लिनका लागी म/हामी तपसिलका व्यक्तिहरुलाई जमानी बसी दिन अनुरोध गर्नु भएकोमा नीज/नीजहरुको कुरा म/हामीलाई चित्त बुझ्यो ।नीज/नीजहरुलाई म/हामी राम्रोसँग चिन्दछु/चिन्दछौं ।साथै म/हामीले यस नगरपालिबाट ऋण अनुदान कार्यक्रम अन्तरगत लिएको ऋन रकमको लागि नीजको जमानी भै बस्न तयार छु/छौ । नीज ऋणिले यस नगरपालिकाबाट लिएको ऋण रकम तोकिएको अवधिमा नतिरेमा वा नबुझाएमा सो को दायित्व वहन गर्न तयार छु/छौं । नीज ऋणिले तोकिएको अवधिमा नतिरे नबुझाएमा मेरो/हाम्रो खाताबाट वा घर घरनाबाट असुल उपर गरी लिएमा मन्जुर छु/छौं भनी बायाँ किनारका साक्षीहरुको रोहवरमा यस भूमिकास्थान नगरपालिका वडा नं, ..........को वडा समितिको कार्यालय .............. मा बसी यो जमानी भएको कागज लेखी सहीछाप गरी भूमिकास्थान नगरपालिकामा दिएँ/दियौं ।

**<u>तपसिल</u>**

.................................................कोनाती/नातिनी ....................................कोछोरा/छोरी..................कोपत्नी/बुहारी जिल्ला........................ गा.पा./न.पा..........................वडा नं...........टोल ...............घर भै हाल.......... जिल्ला ................... गा.पा./न.पा..........................वडा नं...........टोल ............... बस्ने बर्ष...............को श्री .......................................................................................................................................................१

.................................................कोनाती/नातिनी ....................................कोछोरा/छोरी..................कोपत्नी/बुहारी जिल्ला........................ गा.पा./न.पा..........................वडा नं...........टोल ...............घर भै हाल.......... जिल्ला ................... गा.पा./न.पा..........................वडा नं...........टोल ............... बस्ने बर्ष...............को श्री .......................................................................................................................................................१

.................................................कोनाती/नातिनी ....................................कोछोरा/छोरी..................कोपत्नी/बुहारी जिल्ला........................ गा.पा./न.पा..........................वडा नं...........टोल ...............घर भै हाल.......... जिल्ला ................... गा.पा./न.पा..........................वडा नं...........टोल ............... बस्ने बर्ष...............को श्री .......................................................................................................................................................१

इतिसम्बत.......................साल.............महिना.................. गते ............रोज .........शुभम्

अनुसूची५

(दफा १२ को खण्ड (घ) सँग सम्बन्धित)

नगरपालिका र सम्बन्धित बैंक बीचको संझौता ढाँचा)

भूमिकास्थान नगरपालिका र ..........बैंक बीचको सम्झौता पत्र

भूमिकास्थान नगरपालिका, नुवाकोट, अर्घाखाँची (जसलाई यस संझौतामा प्रथम पक्ष भनिएको छ)बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन२०७३ अन्तरगत सञ्चालित ..........................जिल्ला .............................. गा.पा./ म.न./उप म. न.पा./न.पा. वडा नं.........,......................श्री ................................लि.(जसलाई यस सम्झौता पछि द्वितीय पक्ष भनिएको छ।) दुबै पक्ष बिच भूमिकास्थान नगरपालिका नुवाकोट अर्घाखाँचीमा बसी तपसिलको रोहवरमा दुबै पक्षबाट हस्ताक्षर गरी यो सम्झौंता गरी एक, एक प्रति बुझि लियौं/दियौ ।

**<u>प्रथम पक्षको दायित्व:-</u>**

१) नगरपालिकाले "**व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायका लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७७"**कोष खडा गरी ........................................................ लिमिटेड .........शाखामा ग्यारेण्टीको रुपमा रकम जम्मा गर्नु पर्नेछ ।

२) नगरपालिकाले उद्यम तथा व्यवसाय संचालनका गर्न ऋण अनुदानका लागि दिइएका निवेदनहरु मध्ये योग्यता पुगेका उद्यम तथा व्यवसायीहरु ऋणका लागि बैंक/संस्थामा सिफारिस गर्नु पर्नेछ । छनौट तथा सिफारिस गर्दा बैंकको प्रतिनिधिलाई बोलाउनु पर्नेछ ।

३) कार्यविधी अनुसार कर्जा लिने उद्यमी तथा व्यवसायीको एकाघर परिवारको सदस्य यकिन गरी सम्बन्धित परिवारका सदस्य रोहवरमा राखी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र उपलब्ध गराउने ।

४) कर्जा लिने उद्यमी तथा व्यवसायीहरुलाई व्यवसायका लागि सीप मुलक तथा विकास कार्य नगर पालिकाले व्यवस्था गर्नु पर्नेछ भने आवश्यकता अनुसार तेस्रो तटस्थ पक्षको सहयोग लिन सकिनेछ ।

५) ऋण लगानीको पहिलो चरणमा व्यवसायीहरुलाई सम्बन्धित बैं तथा वित्तीय संस्थाको सहयो तथा समन्वयमा वित्तीय साक्षरता कार्यक्रम, सहुलियतपूर्ण कर्जा कार्यक्रम, बाली तथा पशु धन शुरक्षण (बीमा) सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्न अनुरध गर्नेछ ।

६) कर्जा लिएको ब्यक्ति वा फर्मले साँबा ब्याज नियमित नगरेमा उक्त रकम असुल उपर गर्न नगरपालिकाले सहयोग गर्नेछ ।

७) तोकिएको समयमा साबाँ ब्याज नबुझाइ म्याद गुजार्ने ऋणीलाई नगरपालिकाबाट प्रदान गरिने सबै सुबिधा रोक्न बैं तथा वित्तीय संस्थाबाट अनुरोध भएमा नगरपालिकाबाट त्यस्ता सुविधा रोक्का गरी ऋण असुल्न सहयो गर्नु पर्नेछ ।

८) ६ महिना भन्दा बढी अवधि सम्म साँबा ब्याज नबुझाउने ऋणीलाई बैंखको अनुरोधमा नगरपालिकाले कालो सूचीमा राख्नु पर्नेछ ।

९) ऋणीले समयमा नैसाँबा व्याज नबुझाएमा वा हद म्याद गुजारी ऋण तिर्ने मनसाय नदेखाइएमा नगरपालिकाले नीजका एकाघरका परिवारको सेवा सुविधाहरुमा समेत रोक्का राख्न सक्नेछ ।

१०. कुनै मानविय क्षति एवम् दैवी प्रकोपका कारण परियोजना असफल भै बैंकको साँबा ब्याज असुल नभएमा नगरपालिकाले कार्यक्रम कार्यन्वयन समितिको सिफारिस तथा नगर कार्यपालिकाको निर्णय बमोजिम बैंकमा राखेको ग्यारेण्टी रकमबाट साँबा ब्याज असुल गर्न नगरपालिकाले बैंकलाई अख्तियार दिनेछ ।

११. नगरपालिकाले बैंकलाई कर्जा लगानी प्रकृयामा सहयोग गर्नेछ ।

१२. ऋणीले कर्जाको सही सदुपयो गरे नगरेको, उद्देश्य अनुरुप कार्य भए नभएको निरीक्षण एवम् अनुगमन गर्ने कार्यमा नगरपालिकाले बैंकलाई आवश्यक सहयो गर्नेछ ।

दोस्रो पक्षको दायित्व:-

१. पहिलो चरणमा नगरपालिकाले बैंकमा ग्यारेण्टीका रुपमा राखेको रकमको .... गुणासम्म रकम बैंकले सहुलियतपूर्ण ऋण लगानी गर्नु पर्नेछ ।

२. कर्जाको सदुपयोग भइ कर्जाको साँबा ब्याज नियमित रुपमा भुक्तानी तथा कर्जाको सही सदुपयोग भएमा साथै लगानी गरिएका सम्पूर्ण कर्जाहरु नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिका अनुसार असल वर्गमा पर्न गएमा बैंकले नगरपालिकाले बैंकमा राखेको ग्यारेण्टी रकमको दुई गुणा बन्दा बढी रकम आपसी छलफल तथा सहमति पश्चात लगानी बढाउन सक्नेछ ।

३. कर्जाको ब्याज दर नेपाल राष्ट्र बैंकले जारी गरेको ब्याजदर “सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत (दोस्रो सशोधन) कार्यविधि, २०७६” बमोजिम ........................बैंक लि. को आधार दरमा २% प्रिमियम दर थप गरी हुन आउने ब्याजदर कायम हुनेछ ।सो कार्यविधि बमोजिम असल वर्गमा परेका ऋणीहरुलाई ब्याजदरमा .....%(महिला उद्यमशील कर्जाको हकमा....%) सहुलियत दिइनेछ । ..........................बैंक लि. को आधार दरमा परिवर्तन भएमा ब्याजदर पनि सोही अनुसार परिवर्तन हुनेछ । सो को जानकारी बैंकले नगरपालिकालाई दिनेछ ।ब्याजदरमा सहुलियत प्रत्येक ग्राहकले शुरुको........ बर्ष सम्म मात्र प्राप्त गर्ने छन् ।

४. यस कार्यक्रम अनुसार लगानी हुने कर्जामा बैंकले कर्जा सूचना शुल्क र बीमा प्रिमियम बाहेक अन्य कुनै प्रकारको शुल्क लिने छैन ।

५. भूमिकास्थान नगरपालिकाको व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायका लागि व्याज अनुदान कार्यक्रम कार्यविधि २०७७ र प्रचलित ऐन कानुन बमोजिम भूमिकास्थान नगरपालिका र .......बैंक बीचको संझौता अनुसार बैंकले कर्जा लगानी गर्नेछ र नगरपालिकाले सोही बमोजिम सहजीकरण गर्नेछ ।

६. बैंकले आफ्नो कर्जा कार्यविधि ....... र समय समयमा विभागबाट गरिएका परिपत्र बमोजिम कर्जा लगानी गर्नेछ ।

७. कर्जा स्वीकृतीको अन्तिम अधिकार बैंकलाई रहनेछ । बैंकले परियोजना तथा यसको संभाव्यतालाई मुख्य आधारको रुपमा लिइ कर्जा स्वीकृत गर्नेछ ।

८. नगरपालिकाले बैंकमा कर्जाका लागि गर्दा छनौट गरेका व्यवसायीहरुलाई कर्जा स्वीकृत गर्नेछ र स्वीकृत भएका उद्यमी तथा व्यवसायीहरुलाई सम्पूर्ण कागजी प्रकृया पुरा भएपछि कर्जा प्रवाह गर्ने छ ।

९. नगरपालिकाको सिफारिस भै आएका कर्जाहरुलाई बिशेष प्राथमिकता दिइ प्रथम आगमन प्रथम निकासा (FIFO) सिध्दान्त अनुरुप बैंकले कर्जा प्रकृया अगाडि बढाउनु पर्नेछ ।

१०. नगरपालिकाबाट सिफारिस भै सेवाग्राही (कर्जा) हरुलाई बैंकले छुट्टै युनिट तथा कर्मचारिको व्यवस्था गरी सेवा प्रदान गर्नेछ ।

११. बैकले दिने कर्जाको हकमा ऋणीसँग कुनै पनि किसिमको धितो सरक्षण (चल अचल सम्पत्ति) लिने छैन ।सो को सट्टामा नगरपलिकाले बैंकमा राखेको कोषको रकम र नगरपालिकाले दिने संस्थागत जमानतलाई आधार मानिनेछ । कर्जाको अन्तिम दायित्व ऋणीको भए पनि ऋणीबाट साँबा ब्याज असुल हुन नसकेमा कर्जाको जमानीकर्ताको रुपमा नगरपालिका रहेको हुँदा असुल हुन नसकेको रकम नगरपालिकाले भूक्तानी गर्नुपर्नेछ । (मिलाउनु पर्ने)

१२. यस सम्झौमा उल्लेख नभएका बिषयमा प्रचलित कानुन बमिजिम हुनेछ ।

१३. यो सम्झौतामा उल्लेख गरिएका बुँदाहरु आकर्षित हुने र खारेज हुने गरी नेपाल सरकारले कुनै निर्णय गरेमा सोही बमोजिम हुनेछ ।

१४. संझौतामा थपघट गर्नु परेमा दुवै पक्षको आपसी सहमतिमा गरिनेछ ।